# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन भएको मिति २०७७/०७/२६

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आ.व. २०७७/०७८ को कार्यक्रम तथा बजेट अनुसार स्वीकृत विशेष कर्मचारी दरबन्दीमा संस्थागत सुदृढीकरण कार्यक्रम अन्तर्गत करार सेवामा तपसिल अनुसारको जनशक्तिको आवश्यकता भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम र अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपीहरु, हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो एवं यस वित्तीय संस्थाले तोकेको ढाँचामा वैयक्तिक (दरखास्त फाराम) विवरण यो सूचना पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र (सो दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) कार्यालय समय भित्रमा तलको ठेगानामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | पद | पद संख्या | अवधि | सुविधा | स्थान | योग्यता | उमेरको हद |
|---|---|---|---|---|---|---|---|
| ०३/२०७७/०७८ | व्यवसाय प्रवर्द्धन अधिकृत (Business Promotion Officer) | ११ | २०७८ आषाढ मसान्तसम्म | पारिश्रमिक: मासिक रु. ६० हजार, स्थानीयस्तरको भ्रमण भत्ता वापत एकमुष्ट मासिक रु.२० हजार र तोकिएको स्थानमा बसोबासका लागि घरभाडा वापत मासिक रु.५ हजार गरी जम्मा रु. ८५ हजार मात्र। | विभिन्न इलाका कार्यालय अन्तर्गत रहेर काम गर्नु पर्ने। | **(क)** कुनै विषयमा स्नातक तह उत्तीर्ण गरी बैंक/वित्तीय संस्था वा सहकारी संस्थामा कम्तीमा २ वर्ष काम गरेको वा **(ख)** कुनै विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्था वा सहकारी संस्था वा ग्रामिण वित्त वा लघुवित्त क्षेत्रमा ५ वर्षको कार्य अनुभव भएको। दुर्गम स्थानमा बसी काम गर्न शारिरीक र मानसिक रुपमा सक्षम छु भन्ने स्वघोषणा गरेको हुनु पर्ने। | दरखास्त दिने अन्तिम मितिसम्म ५० वर्ष ननाघेको। |

**विदा सुविधा : (१)** मासिक १ दिन भैपरी विदा। (२) मासिक १ दिन विरामी विदा सम्झौता अवधिसम्म सञ्चित हुने। अन्य व्यवस्था व्यवस्थापनले तोके अनुसार हुने।

**बीमा सुविधा :** सम्झौता/सेवा अवधि कायम रहेसम्म लागु हुने गरी रु.२० लाख सम्मको दुर्घटना र रु.१ लाख सम्मको स्वास्थ्य बीमा गरिने छ।

**दैनिक तथा भ्रमण खर्च :** व्यवसाय प्रवर्द्धन अधिकृत (Business Promotion Officer) लाई खटाईएको क्षेत्र बाहिर वित्तीय संस्थाले काजमा खटाएको अवस्थामा मात्र वास्तविक खर्चका आधारमा भ्रमण खर्च र वित्तीय संस्थाको अधिकृत छैठौं सरह दैनिक भत्ता उपलब्ध गराउन सकिने छ।

आवेदक नेपाली नागरिक र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान हासिल गरेको हुनु पर्नेछ। वैयक्तिक विवरण (दरखास्त फाराम) को ढाँचा, Terms of Reference (TOR) यस वित्तीय संस्थाको Website: http://skbbl.com.np बाट Download गर्न वा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ। रित नपुगेको तथा तोकिएको समय भन्दा पछि प्राप्त हुने आवेदन उपर कुनै कारवाही गरिने छैन। छनौट सूचिमा परेका उम्मेदवारहरुलाई मात्र अन्तरवार्ताका लागि सूचित गरिनेछ।

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय सुविधानगर, काठमाण्डौ, नेपाल

फोन : ०१-४१११७५२/८२८